आज मिति २०८३ साल श्रावण महिनाको २० गतेका दिन विहान ११ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ९९औं वैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल वमोजिमको निर्णय गरियो।

उपस्थितिः

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ३ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ६ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ८ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| ९ | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| १० | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| ११ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १२ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १४ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १६ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १७ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीतः

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | | | |
| ३ | | | |

CamScanner

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ९९
मितिः २०८३/०४/२०
समयः विहान ११ बजे
स्थानः नगरपालिकाको सभाहल

प्रस्तावहरुः

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. ढुङ्गा गिट्टि बालुवाको टेन्डर सम्बन्धमा।
३. कवाडी र विज्ञापन कर टेन्डर सम्बन्धमा।
४. गत वर्षको योजनाको म्याद थप सम्बन्धमा।
५. कार्यविधि सम्बन्धमा।
६. ब्याकहो लोडर र एम्बुलेन्स चालकको तलब भत्ता सम्बन्धमा।
७. विद्यालय विशेष अनुदान सम्बन्धमा।
८. डस्विन व्यवस्थापन सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३/०३/३१ गते बसेको ९८औं नगर कार्यपालिका वैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा माडिखोलाको IEE रिपोर्ट अनुसार विभिन्न घाटहरुबाट उत्खनन गर्न मिल्ने नदीजन्य पदार्थको वार्षिक परिणाम २६२४९ घन मिटरबाट हुन आउने मुल्य अभिवृद्धि कर बाहेक(VAT र आयकर बाहेक) रकम रु ७४,१५,८०४.४८/-(अक्षरूपी रूपैया चौहत्तर लाख पन्ध्र हजार आठ सय चार पैसा अठचालिस) मा ठेक्का गर्ने।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व २०८३/०८४ को लागि कवाडी टेण्डर भ्याट सहित रु ५ लाख र विज्ञापन करको लागि भ्याट सहित ३ लाख २५ हजार मा टेण्डर गर्ने।

स्वर्गद्वारी नगरपालिका २०७३

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अघिल्लो आ.व. २०८२/०८३ मा विभिन्न कारणले निर्माण सम्पन्न नभएका तपसिलका योजनाहरुको आवश्यकताको आधारमा बढिमा २०८३ आश्विन महिनासम्म म्याद थप गर्ने।

तपसिलः

| क्र.स. | योजना नाम |
|---|---|
| १ | Construction of Gangeshwori Ma Vi School Building, Swargadwari Municipality-04, Bajhipur |
| २ | Construction of Vidhyananda Ma Vi School Building, Swargadwari Municipality-09, Judapata |
| ३ | Judapata Amlise Daadagau Magari Jukena Swargadwari Road |
| ४ | Construction of Adharbhut Swasthya Sewa Kendra Bhawan, Swargadwari Municipality-02, Khaala |
| ५ | Deurali Salabang Thapakharka Ningala Chhahare Khola Lift Khanepani Aayojana |
| ६ | Swargadwari Mandir Parisarma Purwadhar Starunnati |
| ७ | Judakhet Radan Khola Sarauja Motarbato Ward No. 5, Pauwali Tol Mil Saunetol Maitar Pathmarg Star Unnati Ward No. 5 and Siddhathan Chaitebari Saatbise Motarbato Ward No. 6 |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८३ स्वीकृत गर्ने।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ब्याकहो लोडर चालकको मासिक तलव रु २० हजार र काम गरेको प्रतिघण्टा रू २०० भत्ता उपलब्ध गराउने साथै सहचालको हकमा मासिक तलव रू १५ हजार र काम गरेको प्रतिघण्टा रू १०० भत्ता उपलब्ध गराउने। प्राथमिक स्वास्थ्य चौकीको एम्बुलेन्स चालकको हकमा मासिक २० हजार तलवभत्ता र मासिक एम्बुलेन्सबाट आम्दानीको २० प्रतिशत भत्ता उपलब्ध गराउने साथै यस्तो व्यवस्था मिति २०८३ भाद्र महिना देखि लागु गर्ने।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०९/२७ गतेको निर्णयबाट छनौट गरी प्रस्ताव गरिएको शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम

स्वर्गद्वारी नगरपालिका २०७२

प्रमुख प्रशासकीय अधिकृत

अन्तर्गत चालु आ.व. २०८३/०८४ मा कार्यान्वयन हुने गरी यस नगरपालिकामा विशेष अनुदान तर्फ प्राप्त भएको बजेटबाट देहायका कार्यक्रम कार्यान्वयन गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने।

**शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि (विशेष अनुदान तर्फ)**

| क्र.स. | कार्यक्रमको नाम | सञ्चालन हुने स्थान | लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्रेश्वरी आ.वि. अधुरो भवन निर्माण | स्वर्गद्वारी न.पा.-४, प्यूठान | रु २०,००,०००/- | |
| २ | उमामहेश्वरी माध्यमिक विद्यालय शौचालय निर्माण | स्वर्गद्वारी न.पा.-५, प्यूठान | रु ११,००,०००/- | |
| ३ | ने.रा.आ.वि. स्यानीलेख भवन तथा घेरावार निर्माण | स्वर्गद्वारी न.पा.-५, प्यूठान | रु ३४,५०,०००/- | |
| ४ | जनज्योती आ.वि. ओरला भवन निर्माण | स्वर्गद्वारी न.पा.-७, प्यूठान | रु ३४,५०,०००/- | |
| ५ | जम्मा रकम | | रु १,००,००,०००/- | |

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिकाका विभिन्न स्थानहरुको फोहोरमैला व्यवस्थापनको लागि आ.व. २०८२/०८३ मा खरिद भएका डस्विनहरु नगरपालिकामा दर्तावाला व्यवसायीहरुलाई ७५ प्रतिशत अनुदानमा वितरण गर्ने र लागत सहभागिता वापत उठेको २५ प्रतिशतबाट आम्दानी हुन आउने रकमबाट पुनः डस्विन खरिद गरी अपुग भएका व्यवसायीहरूलाई वितरण गर्ने।

**अन्त्यमा आजको ९९औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

स्वर्गद्वारी नगरपालिका २०७३

..............................
(रिमन्त बहादुर डाँगी) २०८३/४/१२
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner